नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

# राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला

टेकु, काठमाडौं

## लिलाम बिक्री सम्बन्धी सुचना

(चौथो पटक सूचना प्रकाशित मितिः २०७८/०३/०८)

यस राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको आ.व. २०७६/०७७ को जिन्सी निरीक्षण प्रतिवेदनले लिलाम गर्नु पर्ने भनी औल्याएका पुराना मेशिनरी औजार, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, सर्भर लगायत सूचना प्रविधिजन्य सामानहरु तथा फर्निचर कार्यालयको परिसर भित्र जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम गर्नका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०८(१)(ख), उपनियम (६) र (७) को व्यवस्था अनुसारका प्रक्रियामा समेत लिलाम विक्री हुन नसकेकाले सोही नियमावलीको नियम १०८ (८) को व्यवस्था वमोजिम पुनः मूल्याँकन गरी रु ३००५७५/८१ मुल्य कायम भएकाले तपशिलको प्रक्रिया अनुसार लिलाम बढाबढको माध्यमबाट लिलाम बिक्री गरिने हुँदा इच्छुक व्यक्ति, फर्म वा संघसंस्थालाई लिलाम बिक्रीमा रीतपुर्वक भाग लिन आव्हान गरिएको छ।

तपसिल

१. इच्छुक व्यक्ति फर्म तथा संस्थाले मिति २०७८/०३/१० गते दिनको २:३० बजे भित्र तोकिएको ढाँचामा निवेदक स्वमं उपस्थित भई रु १० को टिकट टाँस गरी कार्यालय प्रमुख वा तोकिएको व्यक्ति समक्ष निवेदन तोक आदेश गरी दर्ता रजिष्टरमा दर्ता गराउनुपर्ने र सोहि दिनको ३:०० बजे लिलाम विक्री कार्य सुरु गर्नेछ।

२. लिलाम कार्य खरिद/विक्री गर्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन तोकिएको समयमा नै पुर्वत प्रक्रिया अनुसार हुनेछ।

३) लिलाम गर्न प्रयोगशालाको तर्फबाट संचालकले कायम मुल्य वोली सो भन्दा कम्तिमा रु १०००/- नघट्ने गरी लिलाम सकार गर्ने प्रयोजनार्थ वोल्नका लागि १-१० सम्मको अंक काउनडाउन गरिनेछ र वोलकवोल गर्न इच्छुकले हात उठाएर वोल्न अनुमति लिने र आफुले खरिद गर्न चाहेको मुल्य बोल्नु पर्नेछ।

४) काउनडाउन सुरु भए पछि एक जनाले लिलाम सकार गर्न वोलकवोल गरे पछि सोको अभिलेख गरी सकेपछि मात्र अर्को व्यक्तिलाई वोल्नका लागि क्रमश : काउनडाउनका माध्यमबाट अवसर दिइनेछ। यो प्रक्रिया लिलाम बिक्री अन्त्य नहुँदासम्म निरन्तर चल्नेछ। १ देखि १० अंकसम्म वोल्दा समेत अरु सहभागी व्यक्ति तथा प्रतिनिधी नबोलेमा यस अघि अन्तिम पटक वोल्ने व्यक्तिको बोलकवोल अन्तिम हुनेछ।

५) लिलाम सकार गर्नेले कवोल अंकको ५ प्रतिसतमा नघट्ने गरी सोही समयमा नगद धरौटी राख्नुपर्ने र सोही दिन लिलाम सकार्ने व्यक्ति /फर्मसंग सामान उठाउनका लागि ३ दिनको म्याद दिई संझौता गरिनेछ। ढुवानीको भाडा लिलाम सकार गर्ने पक्षले नै भुक्तानी गर्नुपर्नेछ।

६) सामान उठाउनु पुर्व कवोल अंकको पुरा रकम तोकिएको बैक खातामा जम्मा गरी सोको भौचर पेश गर्नुपर्ने उक्त समयमा कुनै कारण बैक बन्द रहेको अवस्था भए नगद नै जम्मा गर्नुपर्नेछ।

७) सझौताको म्याद भित्र सामान नउठाएमा राखिएको धरौटी जफत गरी क्रमस : दोस्रो, तेस्रो क्रमका व्यक्ति तथा फर्मका प्रतिनिधीलाई सूचना गरी संझौता गरिनेछ।

थप जानकारीका लागि यस प्रयोगशालामा सम्पर्क (०१५३५२४२१) राख्न सकिनेछ।

डा. रुणा झा
निर्देशक